# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं,कात्तिक ३०गते२०५३साल (अतिरिक्ताङ्क३८ (ख+२

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यबाट विदेशमा छाला निर्यात गर्ने सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गर्ने श्री ५ को सरकारबाट मिति २०५३।७।३० मा निर्णय भएकोले सर्वसाधारणको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. छाला निर्यात गर्ने निर्यातकर्ताहरूले आफूले निर्यात गर्ने कुल छालाको परिमाण मध्ये देहायको आर्थिक वर्षमा देहाय बमोजिमको प्रतिशतमा निर्यात गर्नु पर्नेः—

(क) आ.व. २०५३।०५४ र आ व. २०५४।०५५ मा क्रष्ट वा फिनिष्ड छाला १५ प्रतिशत र वेट ब्लू छाला ८५ प्रतिशत ।

(ख) आ. व. २०५५।०५६ र आ. व. २०५६।०५७ मा क्रष्ट वा फिनिष्ड छाला ३० प्रतिशत र वेट ब्लू छाला ७० प्रतिशत ।

(ग) आ.व. २०५७।०५८ देखि आ व. २०५९।०६० सम्म क्रष्ट वा फिनिष्ड छाला ५० प्रतिशत र वेट ब्लू छाला ५० प्रतिशत ।

(घ) आ. व. २०६०।०६१ देखि आ. व. २०६२।०६३ सम्म क्रष्ट वा फिनिष्ड छाला ७५ प्रतिशत र वेट ब्लू छाला २५ प्रतिशत निर्यात गर्नु पर्ने र तदउपरान्त वेट ब्लू छाला निर्यात गर्न नपाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ दफा १ बमोजिम तोकिएको प्रतिशतमा क्रष्ट वा फिनिष्ड छाला निर्यात नगर्ने उद्योगलाई अर्को आर्थिक वर्षदेखि छाला निकासी गर्न नपाउने गरी प्रतिवन्ध लगाउने ।

३ नेपालका छाला उद्योगीहरूले वट ब्लू (Wet Blue) छाला प्रशोधनको लागि केमिकल आदि पैठारी गर्दा तिरेका भन्सार लगायत अन्य महशुल तथा शुल्क (Duty Draw Back) वापत फिर्ता पाउने गरेको सम्पूर्ण रकम यो सूचना प्रकाशन भएपछि उद्योग मन्त्रालय अन्तर्गत रहेको एकद्वार समिति, उद्योग विभाग-मार्फत नेपालउद्योग वाणिज्य महासंघलाई प्रदान गर्ने र त्यसरी प्राप्त रकम नेपाल उद्योग वाणिज्य महासंघले वेट ब्लू र क्रष्ट वा फिनिष्ड छालाको गुणस्तर वृद्धि गर्ने र छालाबाट बनेको सामानको निर्यात प्रवर्द्धन गर्ने कार्यमा खर्च गर्ने । यसका लागि नेपाल छाला उद्योग तथा व्यापार संघले सम्बन्धित छाला उद्योगीहरूबाट मञ्जूरी लिई त्यस्तो मञ्जूरी एकद्वार समितिलाई उपलब्ध गराउने ।

४. उल्लेखित शर्तहरू बमोजिमका सवै कार्यहरूको निरन्तर रुपमा अनुगमन गर्ने कार्य वाणिज्य विभागले गर्ने र वाणिज्य विभागबाट भएका कार्यहरूको वाणिज्य मन्त्रालयले नियमित अनुगमन गर्ने ।

खण्ड ४४ संख्या १७ मिति २०५१।४।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

८८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।